# लालझाडी गाँउपालिका

## उद्यम विकास कोष सञ्चालन कार्यविधि २०७९

लालझाडी गाँउपालिका

गाँउकार्यपालिकाको कार्यालय

शंकरपुर कञ्चनपुर

प्रस्तावना :–

उद्यम विकास, सीप विकास, आय आर्जन तथा व्यवसायिक ज्ञान र क्षमता विकास संग सम्वन्धीत कार्यक्रमहरुलाई व्यवस्थित रुपमा संचालन गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी लालझाडी गाँउपालिकाले यो उद्यम विकास कोष सञ्चालन कार्यविधि २०७९ बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "लालझाडी गाँउपालिका उद्यम विकास कोष सञ्चालन कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय तहले स्वीकृत गरे पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "उद्यमी" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम बहन गरी लगानी गर्ने व्यक्ति वा समूहलाई जनाउँछ ।

(ख) "उद्यमशीलता विकास तालिम" भन्नाले व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक उत्प्रेरणा तथा व्यवसायिक ज्ञान प्रदान गर्ने हेतुले प्रदान गर्ने "आफ्नो व्यवसाय सुरु तथा सुधार गरौं तथा "व्यवसाय सिर्जना तथा विकास" जस्ता तालिमलाई जनाउँछ ।

(ग) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई जनाउँछ ।

(घ) "कार्यालय प्रमुख" भन्नाले गाउँकार्यपालिकाका प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँछ ।

(ङ) "कार्यविधि" भन्नाले "लालझाडी गाँउपालिका उद्यम विकास कोष सञ्चालन कार्यविधी २०७९" कार्यान्वयनका लागि तयार गरिएको कार्यविधिलाई जनाउँछ ।

(च) "लघु उद्यम" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ मा गरिएको परिभाषा अनुसारको उद्यमलाई जनाउँछ ।

(छ) "सिप विकास तालिम" भन्नाले व्यवसाय स्थापना, विकास तथा प्रवर्द्धनका लागि आवश्यक पर्ने प्राविधिक सिपमूलक तालिमलाई जनाउँछ ।

(ज) "उद्यम विकास कोष" भन्नाले उद्यम विकास, सीप विकास, आय आर्जन तथा व्यवसायिक ज्ञान र क्षमता विकास संग सम्वन्धीत कार्यक्रमहरुलाई व्यवस्थापन गर्नको लागि स्थापना गरिने कोषलाई बुझाउँछ ।

(झ) "व्यवसायिक परामर्श सेवा" भन्नाले व्यवसायको सुसञ्चालन, विकास तथा स्तरोन्नतिका लागि प्रदान गरिने प्राविधिक तथा व्यवस्थापकीय ज्ञानलाई जनाउँछ ।

(ञ) "उद्योग विकास शाखा" भन्नाले लालझाडी गाँउपालिकाको उद्योग तथा उद्यमशीलता हेर्ने शाखा वा उपशाखा वा इकाई सम्झनुपर्छ ।

निर्मल राना
अध्यक्ष

परिच्छेद – २

## उद्यम विकास कोष स्थापना र सञ्चालन सम्वन्धी व्यवस्था :

**३. उद्यम विकास कोषको स्थापना :**

(१) गाँउपालिकामा उद्यमशिलताको माध्यमवाट आयआर्जन तथा लघु उद्यम, घरेलु तथा साना उद्योग विकास गर्न एक उद्यम विकास कोष स्थापना गरिनेछ । यो कोष बास्केट फन्डको रुपमा रहनेछ । यस कोषमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, विकास साझेदार एवं अन्य स्रोतबाट लालझाडी गाँउपालिकालाई रोजगारी सिर्जना, गरिबी निवारण, आय आर्जन, उद्यम र उद्यमशिलता विकासका लागि प्राप्त हुने सबै प्रकारका अनुदान, गाँउपालिकाको आन्तरिक आयबाट प्राप्त हुने रकम जम्मा हुनेछ ।

(२) गाँउपालिकाको उद्योग प्रवर्द्धन तथा उद्यमशिलता विकासका लागि स्थानीय तहको संचित कोष अन्तर्गत देहाय वमोजिमका रकमहरु जम्मा गर्ने गरी एक "उद्यम विकास कोष"स्थापना गरिनेछ । यस कोषमा तपशिल बमोजिमको रकम जम्मा गरिनेछ ।

(क) संघीय सरकार र प्रदेश सरकारबाट लघु उद्यम, घरेलु तथा साना उद्योग, उद्यमशिलता विकास, सीप विकास र आय आर्जन संग सम्वन्धित कार्यक्रमका लागि प्राप्त रकम,

(ख) विकास साझेदार वा अन्य संघ संस्था तथा कार्यालयको साझेदारीमा सञ्चालन हुने कार्यक्रमको लागि प्राप्त रकम पनि यस कोषमा जम्मा गर्न सकिने छ ।

(ग) लालझाडी गाँउपालिकाले लघु उद्यम, घरेलु तथा साना उद्योग र उद्यमशिलता विकासका लागि विनियोजन गरेको रकम,

(घ) उद्यम विकासका लागि सामुदायिक संघ संस्था तथा निजी क्षेत्रबाट प्राप्त रकम,

(ङ) उद्यम विकासका लागि विषयगत शाखा तथा अन्य स्रोतबाट प्राप्त रकमहरु ।

(३) लालझाडी गाँउपालिकामा उद्यम विकास कोष संचालनका लागि देहाय बमोजिमको एक उद्यम विकास कोष संचालक समिति हुनेछ :

| | |
|---|---|
| संयोजक : | अध्यक्ष, गाउँपालिका |
| सदस्य : | प्रमुख प्रशासकिय अधिकृत |
| सदस्य : | प्रतिनिधि, कार्यपालिकाको महिला, दलित तथा अल्पसंख्यक सदस्यहरु मध्येबाट संयोजकले तोकेको एक जना महिला |
| सदस्य : | प्रमुख, आर्थिक प्रशासन शाखा |
| सदस्य : | प्रतिनिधि, लघु उद्यम, घरेलु तथा साना उद्योगसँग सम्वन्धित निजी क्षेत्रका छाता संगठनका प्रतिनिधिहरु मध्येवाट १ जना |
| सदस्य : | प्रमुख, आधारभुत तथा माध्यमिक शिक्षा |
| सदस्य-सचिव | प्रमुख, उद्योग विकास शाखा |

नोट : कोषको वैठकमा आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

(४) कोष संचालक समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

**४ . उद्यम विकास कोषको उद्देश्य :** यस कोषको उद्देश्य देहाय बमोजिम हुनेछन् :-

(क) लघु उद्यम, घरेलु तथा साना उद्योगको माध्यमवाट रोजगारी सिर्जना गर्दै गरिबी न्यूनिकरण गर्नका लागि आर्थिक स्रोत साधनको व्यवस्थापन गर्ने ।

(ख) स्थानीयस्तरमा उपलब्ध श्रोत साधनमा आधारित वातावरण मैत्री उद्यमहरुको प्रवर्द्धन गर्न सीप तथा ज्ञानको विकास गर्ने ।

(ग) लालझाडी गाँउपालिकालाई उपलब्ध हुने अनुदानलाई निश्चित मापदण्डको आधारमा एकीकृत रूपमा स्रोत प्रवाह गर्ने प्रणालीको विकास गर्ने,

(घ) समावेशी विकासको अवधारणा बमोजिम लक्षित समूहलाई कोषको प्रवाह सुनिश्चित गर्ने ।

५. **उद्यम विकास कोषको कार्यक्षेत्र :** रोजगारी सिर्जना, गरिबी निवारण, आय आर्जन, उद्यम र उद्यमशिलता विकासका लागि गाँउपालिकामा प्राप्त हुने निःशर्त वा सशर्त अनुदान वा अन्य सबै प्रकारका अनुदान वा सहायता रकमहरु यस कोषमा रहनेछन् । लालझाडी गाँउपालिकाको आन्तरिक आय लगायत गाँउपालिकामा प्राप्त हुने उद्यम र उद्यमशिलता विकास सम्बन्धी सबै प्रकारका स्रोतको परिचालन एवं व्यवस्थापन गर्नु यस कोषको कार्यक्षेत्र हुनेछ ।

६. **उद्यम विकस कोषको संचालन :**

(१) उद्यम विकास कोषमा जम्मा भएको रकम उद्यम विकास समितिको स्वीकृतिले सीप तथा ज्ञान अभिबृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण, आय आर्जन, उद्यम र उद्यमशिलता विकास तथा व्यवसायिक क्षमता विकास कार्यक्रममा वाहेक अन्य कार्यक्रममा खर्च गर्न पाइने छैन ।

(२) उद्यम विकास कोषको खाता संचालन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(३) यस कोषको खाता गाँउपालिकाको खाता रहेको बैंकमा छुट्टै खाता खोली सञ्चालन गरिने छ ।

(४) उद्यम विकास कोषको खाता संचालन प्रमुख प्रशासकीय अधिकृत र लालझाडी गाँउपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतवाट हुनेछ ।

(५) बजेट निकासा, खर्च, लेखा प्रणाली, प्रतिवेदन एवं लेखा परिक्षण सम्बन्धी व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

७. **उद्यम विकास कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :**

(१)उद्यम विकास कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :

(क) यस गाँउपालिकाको सभाले स्वीकृत गरेको कार्यविधि बमोजिम उद्यम विकास समितिको निर्णयानुसार कोषमा रहेको रकम खर्च गर्ने व्यवस्था मिलाउने ।

(ख) कोषको आम्दानी र खर्चको विवरण गाँउपालिकाको कार्य प्रक्रिया बमोजिम हुनेछ ।

(ग) कोषबाट भएको मासिक खर्चको विवरण सार्वजनिकीकरण गर्ने ।

(घ) कोषको रकम खर्च गर्दा पारदर्शिता, जवावदेही, उत्तरदायी, मितव्ययिता, कार्यदक्षता र औचित्यको आधारमा गर्नु पर्ने छ। कोषको खर्च रकमको अनुगमनको क्रममा प्राप्त भएका सुझावहरुलाइ उपचारात्मक र सुधारात्मक उपाय अपनाउने ।

(ङ) कोषले नियमित प्रतिवेदन तयार गरी गाउँकार्यपालिका साथै जिल्ला समन्वय समिति, प्रदेश र संघका सम्वन्धित निकायहरु तथा विकास साझेदारहरुलाई समेत पेश गर्ने ।

(२) कोषको लेखा प्रचलित कानून अनुसार लेखा प्रणालीमा आधारित रहेर राख्ने व्यवस्था मिलाउनु पर्नेछ र प्रचलित कानून बमोजिम लेखा परिक्षण गराउनु पर्नेछ तर प्राप्त स्रोतको आधारमा आवश्यकता अनुसार छुट्टाछुट्टै लेखा राख्न सकिनेछ ।

(३)कोषको लेखा संचालन र व्यवस्थापन गर्न उद्यम विकास समितिले कोष संचालक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

८. **संचालक समितिको उत्तरदायित्व :** उद्यम विकास कोष संचालक समिति आफ्नो कामको लागि गाउँपालिका प्रति उत्तरदायी रहनेछ ।

निर्मल राना
अध्यक्ष

## परिच्छेद – ३
## विविध

**९. बैठक भत्ता :** समितिका पदाधिकारीहरुले पाउने बैठक भत्ता तथा अन्य सुविधा गाँउपालिकाको नियमानुसार उपलव्ध गराईने छ ।

**१०. बाधा अड्काउ फुकाउने अधिकार :** यस कार्यविधिमा उल्लेखित कुनै कुरामा द्विविधा वा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

निर्मल राना
अध्यक्ष